# बहुसरोकारवाला सम्वाद मञ्च स्थापना तथा सञ्चालन कार्यविधि, २०७७

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना

हरिहरभवन,ललितपुर

# बहुसरोकारवाला सम्वाद मञ्च स्थापना तथा सञ्चालन कार्यविधि, २०७७

स्वीकृत मितिः २०७७/०६/२६

**<u>प्रस्तावना:</u>** खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना अन्तर्गत साना उत्पादक कृषकहरु तथा कृषि व्यवसायीहरुलाई बजार सम्वन्धनको माध्यमबाट कृषि मूल्य श्रृंखलामा आवद्ध गराई लाभदायी सम्वन्ध निर्माण गर्न र कृषि मूल्य श्रृंखला विकासका लागि उपयुक्त वातावरण सिर्जना गरी समन्वयात्मक सहकार्यहरु गर्न आयोजना दस्तावेज **(PAD)** र स्वीकृत आयोजना कार्यान्वयन म्यानुअल **(PIM)** मा व्यवस्था भए बमोजिम बहुसरोकारवाला सम्वाद मञ्चको स्थापना तथा सञ्चालन गर्ने अभिप्रायले **"बहुसरोकारवाला सम्वाद मञ्चको स्थापना तथा सञ्चालन कार्यविधि, २०७७"** तर्जुमा गरी लागु गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यो कार्यविधिको नाम **"बहुसरोकारवाला सम्वाद मञ्चको स्थापना तथा सञ्चालन कार्यविधि, २०७७"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

(क) **"आयोजना"** भन्नाले खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनालाई सम्झनु पर्दछ ।

(ख) **"आयोजना व्यवस्थापन ईकाई"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत स्थापना भएको आयोजनाको केन्द्रिय कार्यालयलाई सम्झनु पर्दछ ।

(ग) **"आयोजना क्लष्टर ईकाई"** भन्नाले आयोजना लागु भएका जिल्लाहरुमा कार्यक्रम सञ्चालन गर्न आयोजना व्यवस्थापन ईकाई अन्तर्गत स्थापना भएका आयोजना क्लष्टर ईकाईहरुलाई सम्झनु पर्दछ।

(घ) **"आयोजना क्षेत्र"** भन्नाले आयोजना लागु भएका जिल्लाका गाउँपालिकाहरुलाई सम्झनु पर्दछ।

(ङ) **"आयोजना निर्देशक समिति"** भन्नाले यस आयोजनाको आयोजना निर्देशक समितिलाई सम्झनु पर्दछ।

(च) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनु पर्दछ ।

(छ) **"व्यवसाय"** भन्नाले कृषि बालीहरु, पशुपन्छी उत्पादन, प्रशोधन तथा बजारीकरणसंग सम्वन्धित व्यवसाय सम्झनु पर्दछ ।

सचिव

(ज) **"व्यवसायिक योजना"** भन्नाले उत्पादक कृषक समूहको उत्पादन, सामग्री खरिद, बजारीकरण, वित्तिय योजना सहितको व्यवसाय प्रस्ताव वा व्यवसायिक योजनालाई सम्झनु पर्दछ ।

(झ) **"उत्पादक कृषक समूह"** भन्नाले आयोजनाको सम्भाग बी अन्तर्गत गठन भई गाउँपालिकामा दर्ता भएका खाद्यान्न, दलहन तथा तरकारी बाली र पशुपन्छीपालन सम्वन्धी कृषक समूह वा उत्पादक कृषक समूहहरुलाई सम्झनु पर्दछ ।

(ञ) **"लाभग्राही"** भन्नाले आयोजनाबाट सेवा प्राप्त गर्ने लक्षित उत्पादक कृषक समूह र कृषक समूहका सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ट) **"खरिदकर्ता"** भन्नाले कृषि बाली तथा पशुपन्छीजन्य उत्पादक कृषक समूहहरुबाट उत्पादित उपजहरुको खरिद गर्ने व्यक्ति वा संस्थालाई सम्झनु पर्दछ ।

(ठ) **"प्रोडक्टिभ एलायन्स"** (उत्पादनशील सम्बन्धन) भन्नाले सार्वजनिक तथा निजी क्षेत्रको समन्वय र सहकार्यको माध्यमबाट आयोजना क्षेत्रका गाउँपालिकामा गठित साना उत्पादक कृषकहरुको उपजहरुलाई सरल र सहजरुपमा बजार पहँच गराउने संयन्त्रलाई सम्झनु पर्दछ ।

(ड) **"प्रोडक्टिभ पार्टनर"** भन्नाले उत्पादक कृषक समूहहरुको व्यवसाय योजनामा सामग्री आपूर्ति, प्राविधिक र वित्तिय सेवा प्रदान गर्न र उत्पादक कृषक समूह तथा खरिदकर्ता बीचको करार संझौतामा समन्वय र सहजीकरण गर्ने निकाय,संस्था वा व्यक्तिलाई लाई सझनु पर्दछ।

(ढ) **"कृषि मूल्य श्रृंखला"** भन्नाले कृषि सामग्री आपूर्ति देखि उत्पादन, संकलन तथा प्रशोधन, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, बजारीकरण र उपभोग सम्मका मूल्य अभिवृद्धि गर्ने चरणवद्ध क्रियापलापहरुलाई संझनु पर्दछ ।

(ण) **"कृषि मूल्य श्रृंखलाका पात्रहरु"** भन्नाले कृषि मूल्य श्रृंखलाको मूल्य अभिवृद्धि गर्ने चरणवद्ध क्रियापलापहरुमा कार्यहरु सम्पन्न गर्ने संलग्न पात्रहरु र मूल्य श्रृंखलाका सहयोगी तथा प्रभावकर्ताहरुलाई समेत संझनु पर्दछ ।

(त) **"सरोकारवाला"** भन्नाले कृषि मूल्य श्रृंखलामा सरोकार राख्ने नीति निर्माता, सरकारी निकाय, आयोजना, गाउँपालिका, कृषि अनुसन्धान परिषद, उत्पादक कृषक समूह, एग्रोभेट, व्यापारी, वित्तिय संस्था, बीमा कम्पनी, स्थानिय संघ/संस्था, कृषि सहकारी संस्था/उद्योग वाणिज्य संघ, शिक्षण संस्था, विज्ञ जानकार आदिलाई सरोकारवाला संझनु पर्दछ ।

(थ) **"व्यवसायी"** भन्नाले कृषि तथा पशुपन्छीजन्य वस्तुको उपज खरिद गर्ने खरिदकर्ता, व्यापारी, कृषि व्यवसायी, कृषि तथा पशुपन्छी व्यवसाय कम्पनी, प्रशोधनकर्ता, उद्योग, भेण्डर, डेरी तथा मासु पसल सञ्चालक, कृषि सहकारी संस्था, नर्सरीधनी, कृषि सामग्री आपूर्तिकर्ता, एग्रोभेट, ढुवानीकर्ता आदिलाई सम्झनु पर्दछ ।



सचिव

(द) **"बहुसरोकारवाला सम्वाद मञ्च"** भन्नाले कृषि मूल्य श्रृंखलाको विकासका लागि गाउँपालिकामा गठित कृषि मूल्य श्रृंखलाका प्रमुख पात्रहरु, सरोकारवाला सरकारी तथा निजी क्षेत्रका सहयोगी एवं प्रभाव पार्ने निकाय, व्यक्ति र संस्थाका प्रतिनिधिहरु सम्मिलित सम्वाद गर्ने मञ्चलाई संझनु पर्दछ ।

(ध) **"करार संझौता"** भन्नाले आयोजना क्षेत्रका उत्पादक कृषक समूहले उत्पादन गरेका उपजको खरिद बिक्रिका लागि उत्पादक समूह र खरिदकर्ता बीच गरिने करार संझौतालाई संझनु पर्दछ।

(न) **"बैठक"** भन्नाले बहुसरोकारवाला सम्वाद मञ्चको बैठकलाई संझनु पर्दछ ।

(प) **"अध्यक्ष"** भन्नाले बहुसरोकारवाला सम्वाद मञ्चको अध्यक्षलाई संझनु पर्दछ ।

(फ) **"सदस्य"** भन्नाले बहुसरोकारवाला सम्वाद मञ्चको सदस्य र सदस्य–सचिवलाई समेत संझनु पर्दछ।

(ब) **"सेवा"** भन्नाले आयोजना लगायत अन्य सरकारी र निजी क्षेत्रका संस्थाहरुबाट प्रवाह हुने सेवा र सहयोग समेतलाई सम्झनु पर्दछ ।

(भ) **"पुरक अनुदान"** भन्नाले आयोजनाको सम्भाग बी अन्तर्गत उत्पादक कृषक समूहहरुलाई व्यवसाय योजना कार्यान्वयन गर्न प्रदान गरिने अनुदानलाई सम्झनु पर्दछ ।

(म) **"कार्यक्रम"** भन्नाले आयोजनाको बहुसरोकारवाला सम्वाद मञ्चसंग सम्वन्धित कार्यक्रम र क्रियापलापहरु समेतलाई सम्झनु पर्दछ ।

(य) **"अनुगमन तथा मूल्याङ्कन अधिकृत"** भन्नाले आयोजनाको प्राविधिक सहायता अन्तर्गत आयोजना क्लष्टर ईकाईमा खटाईएका अनुगमन तथा मूल्याङ्कन अधिकृतलाई सम्झनु पर्दछ ।

(र) **"सेवा प्रदायक"** भन्नाले आयोजनाको प्राविधिक सहायता अन्तर्गत गाउँपालिकामा खटाईएका सेवा प्रदायक प्राविधिक कर्मचारीलाई सम्झनु पर्दछ ।

(ल) **"प्राविधिक सहायता"** भन्नाले खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाको कार्यान्वयनका लागि नेपाल सरकार र संयुक्त राष्ट्र संघिय खाद्य तथा कृषि संगठन (एफ ए ओ) बीच भएको सम्झौता बमोजिमको प्राविधिक सहायतालाई सम्झनु पर्दछ ।

३. <u>उद्देश्यः</u> (१) यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहनेछन्

(क) कृषि मूल्य श्रृंखलाकासंग सम्वन्धित सरोकारवालाहरुको समस्या पहिचान, प्राथमिकता निर्धारण र समाधानका लागि उपयुक्त वातावरण सिर्जना गरी प्रभावकारी समन्वयात्मक सहकार्यहरु गर्ने,

(ख) कृषि मूल्य श्रृंखला विकासमा निजी क्षेत्रका कम्पनी, व्यापारी वा उत्पादक कृषकलाई "जीत– जीत" अवसरको अवस्था सिर्जना गर्न सघाउने,

(ग) गाउँपालिकामा छनौट गरिएका कृषि मूल्य श्रृंखला विकासका लागि सर्वसाधारणमा जनचेतना अभिवृद्धि गर्ने,



सचिव

४. **<u>कार्यक्रम विवरण:</u>** (१) आयोजना क्षेत्रका गाउँपालिकामा छनौट गरिएका कृषि मूल्य श्रृंखलाको विकासका लागि सरोकारवालाहरु बीच प्रभावकारी समन्वय र सहकार्य गर्ने देहायका क्रियाकलापहरु सञ्चालन हुनेछन्:

(क) बहुसरोकारवाला सम्वाद मञ्चको बारेमा अभिमुखीकरण गोष्ठी आयोजना गर्ने,

(ख) गाउँपालिकास्तरीय बहुसरोकारवाला सम्वाद मञ्चको स्थापना गर्ने,

(ग) चौमासिकरुपमा मञ्चको बैठक आयोजना गर्ने,

(घ) गाउँपालिका भित्रका बढी सम्भाव्य कृषि मूल्य श्रृंखलाहरुको विकास गर्ने,

(ङ) छनौट भएका कृषि मूल्य श्रृंखलाहरुको विकास र प्रवद्र्धनमा उपयुक्त वातावरण सिर्जना गर्ने,

(च) प्रोडक्टिभ एलायन्सको कार्यलाई सहजीकरण र सहयोग गर्ने ।

(छ) प्रमुख सरोकारवालाहरुको समस्या पहिचान, प्राथमिकता निर्धारण, समस्याहरुमा छलफल र निर्णय गरी समाधानका लागि सामूहिक प्रयास, समन्वय र सहकार्य गर्ने ।

## परिच्छेद–२

## कार्यक्रम सञ्चालन प्रक्रिया

५. **<u>लक्षित वर्ग तथा समूह</u>** : (१) बहुसरोकारवाला सम्वाद मञ्चको गठनमा खाद्य तथा पोषण सुरक्षाको दृष्टिकोणले जोखिम तथा सम्वेदनशिलवर्ग भूकम्प र बाढी पिडित, खाद्य असुरक्षित, दलित, महिला, आदिवासी जनजाति र विस्थापित समुदायलाई लक्षित गरिनेछ ।

(२) बहुसरोकारवाला सम्वाद मञ्चको गठन गर्दा देहाय बमोजम प्राथमिकता दिईने छ ।

(क) आयोजना लाभग्राही सर्वेक्षणबाट छनौट भएका लाभग्राहीहरु मध्ये खाद्यान्न, तरकारी, दलहन बाली तथा गाई, भैंसी, बाख्रा, कुखुरा मूल्य श्रृंखलाहरुमा संलग्न उत्पादक कृषक समूहहरु ।

(ख) कृषि मूल्य श्रृंखलाका सरोकावाला पात्रहरुः नीति निर्माता, सरकारी निकाय, आयोजना, गाउँपालिका, कृषि अनुसन्धान परिषद, एग्रोभेट, उपज खरिदकर्ता, बैंक तथा वित्तिय संस्था, बीमा कम्पनी, स्थानिय संघ/संस्था, कृषि सहकारी संस्था/ उद्योग वाणिज्य संघ, शिक्षण संस्था, विज्ञ जानकार आदि ।

६. **<u>अभिमुखिकरण गोष्ठी कार्यक्रम:</u>** (१) आयोजना क्षेत्रका प्रत्येक गाउँपालिकामा आयोजना क्लष्टर ईकाईहरुले गाउँपालिकास्तरीय बहुसरोकारवाला सम्वाद मञ्चको स्थापना गर्ने उद्देश्यले कृषि मूल्य श्रृंखलाका सरोकारवाला पात्रहरु सम्मिलित सहभागीहरुको लागि एकदिने अभिमुखीकरण गोष्ठीको आयोजना गर्नेछन् ।



सचिव

(२) अभिमुखिकरण गोष्ठीमा बहुसरोकारवाला सम्वाद मञ्चको परिचय, उद्देश्य, अवधारणा, कृषि मूल्य श्रृंखलाको परिचय, अवधारणा, सरोकारवाला पात्रहरु, बहुसरोकारवाला सम्वाद मञ्चको स्थापना र गठन, सञ्चालन प्रक्रियाका बारेमा प्रस्तुतिकरण, अन्तरक्रिया र छलफल गरिनेछ ।

(३) उपदफा (२) बमोजिमको अभिमुखीकरण गोष्ठीबाट छानिएका कृषि मूल्य श्रृंखलाका सरोकारवालाहरुबाट प्रतिनिधित्व हुने गरी दफा ७ बमोजिम गाउँपालिकास्तरीय बहुसरोकारवाला सम्वाद मञ्चको गठन हुनेछ ।

७. **बहुसरोकारवाला सम्वाद मञ्चको गठन तथा संरचना:** (१) गाउँपालिकास्तरीय बहुसरोकारवाला सम्वाद मञ्चको गठन देहाय बमोजिम हुनेछ:

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष वा उपाध्यक्ष– | अध्यक्ष |
| २. आयोजना क्षेत्रका कृषि तथा पशुपन्छी विकास फार्म केन्द्रका प्रतिनिधि– | सदस्य |
| ३. कृषि अनुसन्धान केन्द्रका प्रतिनिधि– | सदस्य |
| ४. आयोजना क्लष्टर ईकाईका अधिकृत- | सदस्य |
| ५. स्थानिय उद्योग बाणिज्य संघ/कृषि सहकारी संस्थाका प्रतिनिधि– | सदस्य |
| ६. गैर सरकारी संस्थाका प्रतिनिधि (कृषि सम्वन्धी कार्यक्रम गर्ने)– | सदस्य |
| ७. स्थानिय बैंक तथा वित्तिय संस्थाका प्रतिनिधि– | सदस्य |
| ८. बीमा कम्पनीका प्रतिनिधि– | सदस्य |
| ९. प्राविधिक सहायता अन्तर्गत कलष्टरमा कार्यरत विज्ञ– | सदस्य |
| १०.गाउँपालिका स्थित उत्पादक कृषक समूहहरुका प्रतिनिधि (कम्तिमा १ जना महिला सहित २ जना)– | सदस्य |
| ११. स्थानिय एग्रोभेट/कृषि उत्पादन सामग्री आपूर्तिकर्ताका प्रतिनिधि– | सदस्य |
| १२. बाली तथा पशुपन्छीजन्य उपज खरिदकर्ता (२ जना) प्रतिनिधि– | सदस्य |
| १३. आयोजना क्लष्टर ईकाईका बरिष्ठ कृषि अधिकृत– | सदस्य–सचिव |

(२) मञ्चको अध्यक्ष सहित सदस्यहरुको संख्या बढीमा १५ जनाको हुनेछ ।

(३) मञ्चको बैठकमा आवश्यकतानुसार मूल्य श्रृंखलासंग सम्वन्धित कुनै व्यक्ति वा निकाय वा संस्थाबाट बढीमा तीन जनालाई आमन्त्रण गर्न सक्नेछ ।

(४) मञ्चमा विभिन्न निकायहरुबाट आउने प्रतिनिधिहरुको छनौट दफा ६ बमोजिमको बहुसरोकारवाला सम्वाद मञ्चको अभिमुखीकरण गोष्ठीबाट गरिनेछ ।

सचिव

८. **<u>मञ्चको बैठक सञ्चालन तथा काम कर्तव्यहरु:</u>** (१) मञ्चका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बैठक बस्नेछ ।

(२) मञ्चको बैठक सामान्यतया प्रत्येक चौमासिकमा एक पटक बस्नेछ ।

(३) मञ्चका कूल सदस्य संख्याको ६० प्रतिशत सदस्यहरुको उपस्थिति भएमा बैठक बसी एजेण्डामा छलफल तथा निर्णय हुनेछ ।

(४) बैठकको आयोजना आयोजना कलष्टर ईकाईले गर्नेछ ।

(५) आयोजना क्लष्टर ईकाइको तर्फबाट सदस्य–सचिवले उत्पादक कृषक समूहहरुका व्यवसाय योजनाहरु, प्रोडक्टिभ पार्टनरहरुको प्रोफाईल र उत्पादक तथा खरिदकर्ता बीच भएका करार संझौता र कृषि मूल्य श्रृंखला विकासमा देखिएका असमझदारी वा सरोकारवालाहरुका समस्याहरु, प्राथमिकता, अपेक्षा, नवप्रबर्तन र सहकार्यको बारेमा छलफलका लागि एजेण्डाहरु तयार गरी मञ्चको बैठकमा पेश गर्नेछन् ।

(६) मञ्चको बैठकमा गाउँपालिका भित्र छनौट भएका कृषि मूल्य श्रृंखलाहरुको विकास, नवप्रबर्तन तथा मूल्य श्रृंखलासंग सम्वन्धित पात्रहरुको समस्याहरुको पहिचान, प्राथमिकता निर्धारण र समाधानका लागि साझा लक्ष्य, साझा बुझाई, साझा प्रयास र सहकार्यहरुका विषयमा छलफल गरी अवस्थामा सुधार ल्याउन निर्णयहरु भई कार्यान्वियन हुनेछन् ।

(७) कृषक समूहहरुको व्यवसाय योजना, समूह र व्यापारी बीचको संझौता तथा प्रोडक्टिभ पार्टनरहरु बीच आपसी सहकार्य र सहजीकरणमा सहयोग गर्न मञ्चको तर्फबाट प्रोडक्टिभ एलायन्सको संयोजकको रुपमा एक जना सदस्य प्रतिनिधि तोकि जिम्मेवारी दिईनेछ र समय समयमा समन्वय तथा सहयोग गरिनेछ ।

(८) प्रोडक्टिभ एलायन्सबाट समन्वय र सहजीकरण गरिएका उत्पादक कृषक समूहहरुका व्यवसाय योजनाहरु, प्रोडक्टिभ पार्टनरका प्रोफाइलहरु र उपज खरिद बिक्रिका करार संझौताहरुमा भएका प्रगतिको बारेमा प्रोडक्टिभ एलायन्सका संयोजक (तोकिएका मञ्चका सदस्य) बाट मञ्चले जानकारी लिनेछ र कुनै समस्याहरु भए सहयोग र समन्वय गर्नेछ ।

(९) आयोजना क्लष्टर ईकाईबाट पुरक अनुदान प्राप्त गरेका उत्पादक कृषक समूहका व्यवसाय योजना, उत्पादक कृषक समूहहरु र खरिदकर्ताहरु बीच भएका उपज खरिद बिक्रिका करार संझौताहरु र प्रोडक्टिभ पार्टनरहरुको प्रोफाईलहरुका बारेमा मञ्चले छलफल गर्ने, जानकारी लिने र समस्या देखिएमा समाधानका लागि सहयोग तथा समन्वय गर्नेछ ।

(१०) मञ्चको बैठकको छलफल र निर्णयहरु गर्दा सहभागितात्मक र पारदर्शिरुपमा गरिनेछ ।

(११) बैठकका निर्णयहरुको माईन्यूटको प्रमाणिकरण मञ्चका सदस्य–सचिवले गर्नेछन् र निर्णयहरु कार्यान्वयनका लागि सवै सरोकारवालाहरुलाई पठाउने छन् ।

सचिव

## परिच्छेद–३

## अनुगमन, मूल्याङ्कन तथा अभिलेख

९. **अनुगमन, मूल्याङ्कन तथा अभिलेख व्यवस्था:** (१) दफा ६ बमोजिम बहुसरोकारवाला सम्वाद मञ्चको अभिमुखीकरण गोष्ठी तथा मञ्चको बैठकको प्रगति विवरण अनुसुची–१ बमोजिम गाउँपालिकामा कार्यरत आयोजनाका सेवा प्रदायक प्राविधिकहरुको सहयोगमा आयोजनाको प्राविधिक सहायता तर्फका अनुगमन तथा मूल्याङ्कन अधिकृतले संकलन गरी आयोजना क्लष्टर ईकाईमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बहुसरोकारवाला सम्वाद मञ्चको प्रगति प्रतिवेदन तयार गर्न गाउँपालिकामा कार्यरत आयोजनामा खटाईएका सेवा प्रदायक कृषि तथा पशु सेवा प्राविधिकहरुले सहयोग गर्नेछन् । सो को प्रगति प्रतिवेदन आयोजनाको प्राविधिक सहायता तर्फका अनुगमन तथा मूल्याङ्कन अधिकृतले संकलन गरी मासिक, चौमासिक र वार्षिक रुपमा आयोजना क्लष्टर ईकाईमा पेश गर्नु पर्नेछ ।

(३) यस कार्यविधि अनुसार सञ्चालन गरिएका कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कनको मुख्य जिम्मेवारी मन्त्रालय, आयोजना व्यवस्थापन ईकाई र आयोजना क्लष्टर ईकाईको हुनेछ। साथै आवश्यकतानुसार गाउँपालिका र अन्य निकायसंग समन्वय गरी संयुक्त अनुगमन गर्न सकिनेछ ।

(४) कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन प्राविधिक सहायता तर्फका क्लष्टर ईकाईमा खटाईएका अनुगमन तथा मूल्याङ्कन अधिकृतले तयार गरी पेश गरेपछि मासिक, चौमासिक र वार्षिक रुपमा प्रगति प्रतिवेदन आयोजना क्लष्टर ईकाईले आयोजना व्यवस्थापन ईकाईमा पठाउनु पर्नेछ ।

## परिच्छेद–४

## विविध

१०. **बजेट सीमाः** (१) बहुसरोकारवाला सम्वाद मञ्चको अभिमुखीकरण गोष्ठी तथा मञ्चको बैठक स्वीकृत बजेटको अधिनमा रही अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका अनुसार गर्नु पर्नेछ ।

११. **गुनासो तथा उजुरीः** (१) कार्यक्रम सञ्चालन सम्वन्धि कुनै किसिमका उजुरी तथा गुनासोहरु प्राप्त भएमा आयोजनाको गुनासो व्यवस्थापन कार्यविधि, २०७६ अनुसार व्यवस्थापन गरिनेछ ।

१२. **अमान्य हुनेः** (१) यस कार्यविधिमा उल्लेख भएका कुरा प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

१३. **प्रचलित कानून बमोजिम हुनेः** (१) यस कार्यविधिमा उल्लेख भएका विषयहरु सोही अनुसार हुने र उल्लेख नभएका विषयहरुको हकमा विद्यमान प्रचलित ऐन, कानून, नियम बमोजिम हुनेछ ।

१४. **बाधा अड्काउ फुकाउनेः** (१) यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा निर्देशक समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१५. **खारेजी तथा संशोधनः** (१) निर्देशक समितिले आवश्यकता अनुसार यो कार्यविधिमा संशोधन तथा खारेजी गर्न सक्नेछ ।



सचिव

## अनुसुची–१

## दफा १० को उपदफा (१) संग सम्वन्धित

### बहुसरोकारवाला सम्वाद मञ्चको अभिमुखीकरण गोष्ठी/बैठक कार्यान्वयनको प्रगति विवरण

गाउँपालिकाः ............................... वडा नं. ....... स्थानः ...............

महिना आर्थिक वर्ष :

| सि. नं. | गोष्ठी वा बैठक | संचालन भएको मिति | आयोजनाबाट उक्त क्रियाकलापका लागि खर्च भएको रकम | संचालित मुख्य क्रियाकलाप | सहभागी/लाभान्वित वर्ग | | | कार्यक्रम अनुगमन भए नभएको | अनुगमन गर्ने निकाय र व्यक्तिको नाम | कार्यान्वयनमा देखा परेका समस्या | समाधान का प्रयास |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | जम्मा | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

सचिव